हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
शाखा/उपशाखा/इकाई :- महिला तथा बालबालिका विकास महाशाखा
चलानी नं :- ५३३१

मिति : २०७९।१०।२५

विषय- अभिभावक विहिन बालबालिकाहरुको सूची तयार सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
हेटौडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा मकवानपुर ।

उपरोक्त सम्बन्धमा बालमैत्री स्थानीय शासन नगर समितिको मिति २०७९ पौष ६ गते बसेको बैठकबाट उपमहानगर भित्र रहेका अभिभावक विहिन बालबालिकाहरुको सूची तयार गर्ने निर्णय भएको हुँदा सलग्न सूचना टाँस गरी संकलन भएका आवेदनहरु मिति २०७९।११।१५ गते भित्र पेश भएका कागजात सहित विवरण तयार गरी हेटौंडा उपमहानगरपालिका महिला तथा बालबालिका विकास महाशाखामा पठाई दिनु हुन अनुरोध छ ।

..................................
विष्णु कुमारी लामिछाने
प्रमुख
महिला तथा बालबालिका विकास महाशाखा


| | | | |
|---|---|---|---|
| कार्यकारी अधिकृत | : ०५७-५२२७४७ | सार्वजनिक निर्माण शाखा | : ०५७-५२३०४५ |
| वित्तिय व्यवस्थापन महाशाखा/लेखा शाखा | : ०५७-५२४५४० | राजश्व प्रशासन शाखा | :०५७-५२४५८८ |
| शहरी विकास, अनुसन्धान तथा वातावरण महाशाखा | : ०५७-५२०४३३ | सूचना तथा अभिलेख शाखा | : ०५७-५२२८७६ |
| योजना तर्जुमा तथा पूर्वाधार विकास महाशाखा | : ०५७-५२३०४५ | खरिद/जिन्सी उपशाखा | : ०५७-५२४५२७ |
| सामान्य प्रशासन तथा सुशासन प्रवर्धन महाशाखा | : ०५७-५२५८३९ | सिफारिस उपशाखा | : ०५७-५२३०४४ |
| सामाजिक विकास महाशाखा | : ०५७-५२४६८८ | नियमन इकाई (नगर प्रहरी) | : ०५७-५२०३७७ |
| महिला तथा बालबालिका विकास महाशाखा | : ०५७-५९०१०३ | बारुण यन्त्र | :०५७-५२०६७७/१०१ |

फ्याक्स : ०५७-५२२८७६/५२३०४४ इमेल : info@hetaudamun.gov.np वेबसाइट : hetaudamun.gov.np

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र सख्या :-
शाखा/उपशाखा/इकाई :- महिला तथा बालबालिका विकास महाशाखा
चलानी नं. :-

मिति : २०७९/१०/२५

## आमा बाबु विहिन बालबालिकाहरुको सूची तयार सम्बन्धी जरुरी सूचना

यस हेटौंडा उपमहानगरपालिकामा रहेका बाबुआमा विहिन (बाबु र आमा दुवै मृत्यु भएको/दुवै बेपत्ता भएको/दुवैको संरक्षण र रेखदेखबाट वन्चित भई अरुको संरक्षणमा रहेको) १८ वर्ष उमेर पुरा नगरेका बालबालिकाहरुको सूचि तयार गर्न लागिएको हुँदा यस पालिका भित्र त्यस्ता किसिमका बालबालिका तपसिल मा उल्लेख भए बमोजिम योग्यता पुगेका बालबालिकाहरु स्वयं वा निजको संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले तपसिलमा उल्लेखित कागजात सहित मिति २०७९/११/१० भित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

**क) योग्यता पुगेका बालबालिका**

१) आमा र बाबु दुवैको मृत्यु भएको वा दुवै बेपत्ता भएको ।
२) १८ वर्ष उमेर पुरा नगरेको ।
३) ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको ।
४) कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको ।

**ख) आवश्यक कागजातहरु**

१) बालबालिकाको पासपोर्ट साईजको फोटो २ प्रति
२) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
३) बाबु र आमा दुवैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै बेपत्ता भएको प्रमाणित कागजात
४) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र)
५) सम्बन्धित व्यक्ति बालबालिकाको संरक्षक हो भन्ने सम्बन्धित वडाको सिफारिस पत्र
६) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

सम्पर्क नं. ०५७-५९०१०३
महिला तथा बालबालिका विकास महाशाखा
हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर